क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ४८, २०८२ साउन १६ गते शुक्रबार (1 Aug., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक



रमाईलो®
तपाईंको स्वास्थ्यको साथी

मैदा

बेकरी, म:म: र नुडल्स को लागी न.१

RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali

9801700061/ 9801700011


# रेशम–रञ्जिता घरझगडामा, पार्टी लथालिंग, नेताहरू भ्रष्टाचारमा चुर्लुम्म

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ साउन**

स्थापना भएको छोटो समयमै राम्रो चुनावी नतिजा ल्याएको नागरिक उन्मुक्ति पार्टी (नाउपा) अन्ततः पारिवारिक किचलोका कारण लथालिंग अवस्थामा पुगेको छ।

श्रीमान–श्रीमतीसमेत रहेका संरक्षक रेशमलाल चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठबीचको कलहले सिंगो पार्टी नै संकटमा फस्न पुगेको छ। नाउपाको संस्थापकहरूको बिहीबार काठमाडौंको बानेश्वरमा बसेको भेलाले लालवीर चौधरीलाई पार्टी अध्यक्ष चयन गरेको छ।

बुधबारमात्रै रेशमले आफ्नै श्रीमतीसमेत रहेकी अध्यक्ष रञ्जिता श्रेष्ठलाई कारबाही गरेर बर्खास्त गरेका थिए। अध्यक्ष चयन भएका लालवीर पार्टी संरक्षक रेशम चौधरीका बाबु हुन्।

अध्यक्ष चयन भएका लालवीर प्रतिनिधिसभा सदस्यसमेत हुन्। २०७९ सालको निर्वाचनमा बर्दिया २ मा स्वतन्त्र उम्मेदवारी दिएका थिए उनले। स्वतन्त्र उम्मेदवारी दिए पनि उनी नाउपाकै समर्थनमा विजयी बनेका थिए। पछि ८ पुस २०७९ काठमाडौंमा आयोजना गरिएको कार्यक्रममा लालवीर नाउपा प्रवेश गरेका थिए।



अबिर र खादा लगाएर नाउपा प्रवेश गराउने अध्यक्ष रञ्जिता श्रेष्ठलाई हटाएर चौधरी नाउपा अध्यक्षमा उक्लिए। अध्यक्ष चयन भएपछि लालवीरले भने, 'हामीले उहाँ (रञ्जिता)लाई अहिले पनि भनिरहेकै छौं यहाँ आएर आफ्नो कुरा भन्नुस्। सबैको सल्लाहमा पार्टी चलाउनुपर्छ भन्दा नमानेपछि यो अवस्था आयो।'

पार्टीलाई अपठ्यारोबाट निकास दिन आफूले नेतृत्व गरेको उनको भनाइ छ। केही समय मत्थर रहेको श्रीमान–श्रीमतीको विवाद रञ्जिता पोखराको जग्गा हत्याउनका लागि रचिएको घुस प्रकरणमा मुछिएपछि पुनः चर्किएको हो। रञ्जिता मुछिएको घुस प्रकरणमा अडियो सार्वजनिक र अख्तियारले अनुसन्धान थालेपछि रेशमले रञ्जितामाथि कारबाहीको डण्डा चलाउने मौका पाए। रेशमले रञ्जितालाई पार्टीमा आएर उठेको प्रश्नको जवाफ दिन सार्वजनिक आह्वान नै गरे। तर रञ्जिताले टेरिनन्।

१० साउनमा बहुमत केन्द्रीय सदस्यहरूले रञ्जिता श्रेष्ठलाई २४ घण्टाभित्र बैठक बोलाउन आग्रह गरे। नभए नयाँ भेला गर्ने चेतावनी दिइयो। तर रञ्जिताले बैठक नबोलाएर स्वास्थ्यलाई कारण देखाउँदै वरिष्ठ नेता शिव बाँस्तोलालाई कार्यवाहक अध्यक्ष तोकिदिइन्।

त्यसपछि १३ जना संस्थापक केन्द्रीय सदस्यको बैठकले रञ्जितालाई २४ घण्टे स्पष्टीकरण माग्यो तर उनले स्पष्टीकरण बुझाइनन्। त्यसपछि रञ्जितालाई बर्खास्त गरेर लालवीरलाई अध्यक्ष चयन गरिएको हो। रञ्जिताले 'विधानविपरीत' बसेको पार्टीको राष्ट्रिय भेलाको निर्णय मान्य नहुने बताएकी छन्। राष्ट्रिय भेला बोलाउने अधिकार अध्यक्षसँग मात्रै हुने बताउँदै उनले आफूले कुनै भेला आह्वान नगरेको बताएकी छन्। उनले संसदीय दलका नेता गंगाराम चौधरीलाई पार्टीको बैठक किन बोलाएको भन्दै स्पष्टीकरण पनि सोधेकी छन्। नाउपामा गहिरिँदै गएका आन्तरिक कलहको असर प्रदेश सभामा पनि छताछुल्ल छ।

सुदूरपश्चिम प्रदेश सरकारलाई समर्थन फिर्ता लिएको नाउपाका रञ्जिता पक्षीय सांसद कैलाश चौधरीले मुख्यमन्त्री कमलबहादुर शाहलाई विश्वासको मत दिए। उसो त सरकारमा सामेल उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री रहेका रामेश्वर चौधरीलाई बर्खास्त गरेपछि नाउपाले समर्थन फिर्ता लिँदा मुख्यमन्त्री शाहले विश्वासको मत लिनु परेको थियो। उद्योगमन्त्री चौधरी कृषि मन्त्री रहेका बेला 'पावर टिलर' दिने भन्दै कमिसन लिएको आरोपपछि बर्खास्तीमा परेका थिए।

नागरिक उन्मुक्ति पार्टीका नेता एकपछि अर्को गर्दै भ्रष्टाचार मुद्दामा मुछिएका छन्। रामेश्वर अघि उद्योगमन्त्री रहेका नाउपाकै लक्ष्मणकिशोर चौधरीले लेनदेनको कुरा गरेको अडिओ सार्वजनिक भएपछि पदबाट राजीनामा दिएका थिए।


प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्

## भिमदत्त बहुप्राविधिक शिक्षालय

पाटन, बैतडी

### डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन फार्मेसीमा नयाँ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन फार्मेसी** कार्यक्रममा ४० जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.न. | कोटा | डिप्लोमा इन फार्मेसी |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, दन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ४ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | ३ |
| ८ | दार्चुला जिल्ला कोटा | २ |
| ९ | पाटन नगरपालिका कोटा | २ |
| १० | खुला | २० |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ३ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४० |

**प्रवेश परीक्षा शुल्क** : १०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०४/०६ गते मंगलबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२६ गते सोमबारसम्म

**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरू**
◆**SEE/SLC** को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆**SEE/SLC** को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (**35 mm*45mm**) को रङ्गीन फोटो ३ प्रति

**आवश्यक न्युनतम योग्यता** :
डिप्लोमा इन फार्मेसी कार्यक्रमको हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट **SEE** परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान बिषय लिई **समग्रमा न्युनतम २.00 GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत अंक** प्राप्त गरी उत्तीर्ण गरेको।
सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम **www.bdpi.edu.np** अथवा **www.ctevt.org.np** बाट पनि प्राप्त गर्न सकिनेछ।
परीक्षार्थीहरुले **www.ctevtexam.org.np** बाट अनलाईन आवेदन बुझाउन पर्नेछ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**



प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्

## भिमदत्त बहुप्राविधिक शिक्षालय

पाटन, बैतडी

### डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन सिभिल इन्जिनियरिङ्गमा नयाँ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग (ओभरसियर)** कार्यक्रममा ४८ जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.न. | कोटा | डिप्लोमा इन फार्मेसी |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, दन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ५ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | ३ |
| ८ | दार्चुला जिल्ला कोटा | २ |
| ९ | पाटन नगरपालिका कोटा | २ |
| १० | खुला | २६ |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ४ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४८ |

**प्रवेश परीक्षा शुल्क** : १०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०३/२३ गते सोमबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२० गते मंगलबारसम्म

**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरू**
◆**SEE/SLC** को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆**SEE/SLC** को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (**35 mm*45mm**) को रङ्गीन फोटो ३ प्रति

**आवश्यक न्युनतम योग्यता** :
**डिप्लोमा इन सिभल इन्जिनियरिङ्ग कार्यक्रमको** हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट **SEE** परीक्षामा **अनिवार्य गणित र विज्ञान बिषय लिई समग्रमा न्युनतम १.६ GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत** अंक प्राप्त गरी उत्तीर्ण गरेको।
सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम **www.bdpi.edu.np** अथवा **www.ctevt.org.np** बाट पनि प्राप्त गर्न सकिनेछ।
परीक्षार्थीहरुले **www.ctevtexam.org.np** बाट अनलाईन आवेदन बुझाउन पर्नेछ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका पाटे बाघहरु नामकरण गरिए

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १५ साउन**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेका पाटे बाघको पहिचान तथा सहजताका लागि नामकरण गरिएको छ । बाघको बासस्थान, घुमफिर गर्ने स्थान, शरीरमा भएका पाटाहरूका आधारमा, स्वभावका आधारमा, शरीरको बनावटका आधारमा बाघका भाले र पोथीको छुट्टाछुट्टै रूपमा निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा नामकरण गरिएको हो ।

'बाघलाई पहिचान गर्न सजिलो होस भनेर नामकरण गरेका छौं', राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी)का शुक्लाफाँटा संरक्षण कार्यक्रमका प्रमुख लक्ष्मी जोशीले भने, 'एक बाघको पाटा अर्कोसँग मिल्दै, यसबाट द्वन्द्वमा परेका बाघलाई छुट्याउन सकिन्छ, उद्धार गर्न सहज हुन्छ ।'

निकुञ्जको पुस्तकालयमा गणना तथा अनुगमनका क्रममा 'क्यामेरा ट्र्यापिङ' मा परेका ४० वटा बाघको फरक-फरक तस्वीर सङ्ग्रह गरेर राखिएको उनले जानकारी दिए । कुन ठाउँमा कुन बाघको बासस्थान छ, भनेर यसले छुट्याउन सजिलो हुने उनको भनाइ छ । 'नामकरणले निगरानी गर्न सजिलो हुन्छ, बाघको गतिविधि ट्र्याक गर्न, आनीबानीबारे जानकारी लिन र बसोबास क्षेत्रबार जानकारी हुन्छ', जोशीले भने, 'योसँगै स्वास्थ्य अवस्था बुझ्न सहज हुन्छ भने संरक्षण प्रयासमा प्रभावकारिता ल्याउन सकिन्छ, संरक्षण रणनीति बनाउन, स्थानान्तरण वा उद्धार गर्दा समयमै निर्णय लिन सहयोग पुऱ्याउँछ ।'

बाघको हरेक क्रियाकलाप नक्सामा ट्र्याक गर्न सकिने भएपछि चोरी सिकारीजस्ता खतरा न्यूनीकरण गर्न सजिलो हुनुका साथै बाघको व्यवहार, प्रजनन चक्र, आहार आदिबारे अध्ययन गर्न सकिने उनी बताउछन् । पहिले सङ्केतका आधारमा बाघलाई चिन्नुपर्ने अवस्था हुँदा असजिलो हुन थालेपछि नामकारण गर्नुपरेको उनले उल्लेख गरे । उनका अनुसार नामकरण गरिएका भाले बाघमा लौरीपाटे, मधुरमाले, कालिकिचे, घुमन्ते, राजकुमार, चुरे किङ, बाबा ताल, महाकाल, शक्तिमान, क्याप्टेन, चक्रमुखी, सिद्धबाबा, अर्जुनी किङ, अङ्कुशे, सिकारी, त्रिनेत्र, लघुपुच्छ्रे, दशगजा, गणेश, लक्ष्मण, महाराजा लगायत छन् ।

पोथीमा तारा ताल, त्रिशूलधारी, बाटुली लामपुच्छ्रे, मङ्गलेश्वरी, त्रिनेत्री, सिम्पा, बकौंला, लघु धर्के, त्रिरेखा, पञ्जिका, बालुवा ताल, शान्ति, शुक्ला, करैया, गाजलु, चौधर, सिधार्नी, राजकुमारीलगायत छन् । निकुञ्जमा पाटे बाघको सङख्या वृद्धि भई ४३ पुगेका छन् । जसमा भाले २१ र पोथी १९ छन् ।

निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत चन्द्रशेखर चौधरीले बाघको आहारा प्रजातीको पर्याप्तता, बासस्थानमा सुधार, चोरीसिकारी पूर्णरूपमा नियन्त्रण हुनुलगायतका कारण बाघको सङख्यामा वृद्धि हुँदै गएको बताए । उनका अनुसार एउटा वयस्क बाघलाई विचरणका लागि करिब ६५ वर्ग किलोमिटर क्षेत्रफल आवश्यक पर्छ। नेपालका संरक्षण क्षेत्रमध्ये शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज थोरै क्षेत्रफलमा धेरै बाघ रहेको क्षेत्रका रूपमा परिचित छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार संरक्षित वन्यजन्तु (अनुसूची १) मा सूचीकृत रहेको पाटेबाघ विश्वकै सबै भन्दा आकर्षक र सुन्दर जनावरको श्रेणीमा पर्दछ । सन् १९७४ देखि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाघ संरक्षण गरिँदै आएको छ । बाघ गणना भने सन् १९९९ देखि निरन्तर रूपमा प्रतिवर्ष हुँदै आएको छ ।

३०५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्ज पाटे बाघसँगै बाह्रसिङ्गाको प्रमुख बासस्थानका रूपमा छ ।

# गोदावरीमै राजधानी कायम गर्न सर्वदलिय दबाब, दलहरु एकमत

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १५ साउन**



सुदूरपश्चिम प्रदेशको राजधानी सार्ने सम्भावनाको चर्चा चुलिँदै जाँदा गोदावरी नगरपालिकाले राजधानी जोगाउन सर्वदलीय मोर्चा खडा गरेको छ। गोदावरी नगरपालिकाको पहलमा बुधबार आयोजित सर्वदलीय बैठकमा सहभागी राजनीतिक दलका नेताहरूले राजधानी सार्ने कुनै पनि प्रयास स्वीकार्य नहुने स्पष्ट पार्दै, गोदावरीमा तोकिएको स्थायी राजधानी कार्यान्वयन गर्न दबाब आन्दोलन आवश्यक भएको बताएका छन् ।

नगरपालिकाका मेयर वीरेन्द्र भट्टको अध्यक्षतामा सम्पन्न बैठकमा सुदूरपश्चिम प्रदेश सरकारका राज्यमन्त्री प्रकाश बम, प्रदेशसभा सदस्य तुलसी देवकोटा, खिमा देवी बिष्ट, जानकी कुँवर, पूर्वमन्त्री कृष्णराज सुवेदी, एमालेका गोकर्ण भट्ट र खम्ब बुढा, कांग्रेसका वसन्त रोकाया र बीर बहादुर चोखाल, माओवादी केन्द्रका धर्म कुँवर र मेघराज भट्ट, जनमोर्चाका नन्दराज भट्टसहित विभिन्न दल, स्थानीय निकाय, नागरिक समाज, उद्योगी-व्यवसायी तथा बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो ।

बैठकमा बोल्ने अधिकांश वक्ताहरूले २०७५ साल असोज १२ गते दुई तिहाइ बहुमतले पारित भएर गोदावरी-२ र ४ मा स्थायी राजधानी घोषणा गरिएको निर्णय संविधानसम्मत र जनभावनानुकूल रहेको भन्दै त्यसको कार्यान्वयनमा भएको ढिलाइप्रति असन्तुष्टि व्यक्त गरे । उनीहरूले कार्यान्वयनमा प्रदेश सरकार र संघीय सांसदहरूको भूमिका कमजोर रहेको भन्दै आलोचना गरे ।

नेकपा माओवादी केन्द्रका नेता धर्म कुँवरले राजधानी कार्यान्वयनमा जनप्रतिनिधिहरूको भूमिका कमजोर रहेको स्वीकार गर्दै अहिले राजधानी सार्ने चर्चा चलेपछि मात्रै सबै सक्रिय देखिएको टिप्पणी गरे। नेकपा एमालेका नेता गोकर्ण भट्टले निर्वाचनमा जनतासँग गरेको वाचा पुरा गर्नुपर्ने भन्दै राजधानी निर्माण प्रक्रिया कुन अवस्थामा छ भन्ने स्पष्ट जानकारी जनतालाई दिन आवश्यक रहेको बताए । उनले कांग्रेस नेता बलायरले ६ महिनामा राजधानी बनाउने आश्वासन दिएको स्मरण गराउँदै, अहिले त्यसबाट पछि हट्न नमिल्ने बताए ।

नेपाली कांग्रेसका नेता वसन्त रोकायाले वीर बहादुर बलायरको अभिव्यक्तिको बचाउ गर्दै राजधानी निर्माणका लागि बारम्बार प्रयास भइरहेको बताए । यद्यपि, उनले पनि अहिलेसम्म किन राजधानी निर्माण अघि नबढेको भन्नेबारे स्पष्ट प्रमाणसहित जनप्रतिनिधिहरूले जवाफ दिनुपर्नेमा जोड दिए । प्रदेशका पूर्वमन्त्री कृष्णराज सुवेदीले स्थायी राजधानी तोकिएपछिको समयमै आवश्यक काम अघि नबढाएकोमा पूर्वमुख्यमन्त्रीहरूकै चासोको कमी जिम्मेवार रहेको बताए । उनले भूमि सुधार कार्यालयमा फाइल अड्किएको,सालका रूख देखाएर अनावश्यक हल्ला चलाइएको लगायतका कारणले काम रोकिएको दाबी गरे ।

प्रदेश सांसद जानकी कुँवर, खिमा देवी विष्ट र तुलसी देवकोटाले पनि गोदावरीबाट राजधानी सार्ने प्रयासप्रति असहमति जनाउँदै यसबारेमा छलफल भइरहे पनि अहिलेसम्म सरकारको आधिकारिक धारणा नआएको बताए । सांसद खिमा विष्टले राजधानी सार्ने विषयमा मुख्यमन्त्री भित्रभित्रै छलफलमा सक्रिय रहेको आरोप लगाइन् । प्रदेश सरकारका राज्यमन्त्री प्रकाश बमले भने राजधानी सार्न कांग्रेस र एमालेको मात्र चाहना काफी नहुने स्पष्ट पारे । उनले माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी लगायतको समर्थन बिना कुनै प्रस्ताव अघि बढ्न नसक्ने बताए ।

कार्यान्वयनमा कानुनी अड्चन र भोगाधिकार समस्या रहेको स्वीकार गर्दै उनले गोदावरीबाहेक अन्यत्र राजधानी बनाउने सम्भावना रोक्नका लागि राजनीतिक एकता अपरिहार्य रहेको धारणा राखे। बैठकको अध्यक्षता गरेका मेयर भट्टले गोदावरीलाई सुदूरपश्चिमको राजधानीका रूपमा कार्यान्वयन गर्न अब ढिलाइ सह्य नहुने बताए । उनले सबै दलका प्रतिनिधिहरू, स्थानीय निकाय र नागरिक समाज मिलेर दबाब सिर्जना गर्नुपर्ने र राजधानी कार्यान्वयनलाई अब प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याए । सर्वदलीय बैठकले राजधानी सार्ने जुनसुकै प्रयासको विरोध गर्दै, सात वर्षअघि गरिएका निर्णयहरूको सम्मान गर्न सरकार र सांसदहरूलाई सचेत गराएको छ । यो निर्णय कार्यान्वयनका लागि अब गोदावरी नगरस्तरमा मात्र होइन, प्रदेशव्यापी जनदबाब सृजना गर्ने तयारी भइरहेको छ ।




**महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर**

**भर्ना सम्बन्धि सूचना**

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रम**
Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अर्न्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ ।
**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ ।

**सिट संख्या**
मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५२००४४,९८४८७२०२४७,९८४८७२६८६५



# सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसको स्ववियु निर्वाचन अनिश्चित

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १५ साउन**

सुदूरपश्चिम विश्वविद्यालयको महेन्द्रनगरस्थित केन्द्रीय क्याम्पसको स्ववियु निर्वाचन अनिश्चित बनेको छ। साउन १४ गते तोकिएको निर्वाचन हुन नसकेपछि अर्को मिति समेत घोषणा हुन नसक्दा निर्वाचन अनिश्चित बनेको हो।

विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूमा गत वर्ष नै स्ववियु निर्वाचन भइसकेको छ। तर केन्द्रीय क्याम्पसमा भने गत वर्ष चैत र यस पटक गरेर दुई पटक स्थगित भइसकेको छ। 'तोकिएको मितिमा निर्वाचन हुन सकेन, तत्कालका लागि अर्को मिति पनि घोषणा भएको छैन,' निर्वाचन समितिका संयोजक कर्णदेव भट्टले भने, 'अहिलेलाई स्ववियु निर्वाचन अनिश्चित नै भएको छ।'

निर्वाचन समितिको कमजोरी, विद्यार्थी संगठनबीच झडपको अवस्था सिर्जना भएपछि तोकिएको मितिमा निर्वाचन हुन नसकेको हो। साउन १४ मा हुने निर्वाचनका लागि साउन ६ मा मनोनयनको कार्यतालिका थियो। मनोनयनका दिन नेविसंघ र अनेरास्ववियू क्रान्तिकारीका विद्यार्थीबीच झडप भएको थियो। झडपमा परी केही विद्यार्थी घाइतेसमेत भए। प्रहरीले लाठीचार्जसमेत गरेको थियो। त्यसपछि मनोनयन नै हुन सकेन। 'हामीहरू छलफलमै बसिरहेका बेला क्रान्तिकारीका विद्यार्थीले




पेट्रोल छर्केपछि विवाद भएको हो, त्यसपछि सबै प्रक्रिया रोकियो,' नेविसंघका केन्द्रीय सदस्य इन्द्र साउदले भने, 'हामीले स्ववियु निर्वाचन हुनुपर्छ भनेका छौं, अहिले परीक्षा पनि नजिकिएको छ, अब परीक्षापछि निर्वाचनको मिति तोकिनुपर्छ।'

निर्वाचन समितिले साउन २ गते संगठन दर्ता, ६ गते मनोनयनको कार्यतालिका सार्वजनिक गरेको थियो। त्यसअनुसार ७ संगठन र ३ स्वतन्त्र समूह दर्ता भएको संयोजक भट्टले बताए। ६ गतेको मनोनयन स्थगित भएपछि ९ गते पनि मनोनयनको मिति सारिएको थियो। तर उक्त दिन पनि विद्यार्थी संगठनबीच सहमति हुन सकेन।

'छलफल चलिरहेका बेला पेट्रोल छर्किनेमाथि कारबाही र राजीनामा दिएको निर्वाचन समितिले फेरि काम गर्न पाउँदैन भनेर हामीले मनोनयन रोक्न भनेका हौं,' अनेरास्ववियूका प्रदेश सचिव कमल रोकायाले भने, 'काम गर्न सक्दैन भनेर राजीनामा दिएको समितिले कसरी निर्वाचन गराउन सक्छ?' उनले त्यसपछि विश्वविद्यालय र केन्द्रीय क्याम्पसले विद्यार्थी संगठनलाई निर्वाचनका विषयमा छलफलका लागि समेत नबोलाएको बताए।

मनोनयनको मितिपूर्व स्वतन्त्र विद्यार्थीहरूको समूहले पनि निर्वाचन समितिको कार्यालयमा ताला लगाएको थियो। उनीहरूले निर्वाचनसम्बन्धी संशोधित नियमावलीको विरोधमा ताला लगाएका थिए। पुरानो नियमावलीअनुसार विद्यार्थीको अध्ययनको समय सकिएसँगै स्ववियूको कार्यकाल पनि सकिने व्यवस्था थियो। तर संशोधित नियमावलीमा अध्ययन सकिए पनि कार्यकाल भने निर्धारित समय पूरा हुने व्यवस्था गरिएको छ। उक्त नियमावली विश्वविद्यालयको २०८१ फागुनमा बसेको सिनेटले संशोधन गरेको थियो।

स्वतन्त्र विद्यार्थीहरूले लगाएको ताला निर्वाचन समितिले एकतर्फी रूपमा तोडेपछि विवाद चर्किएको हो। त्यही विषयमा छलफल भइरहेका बेला झडपको अवस्था सिर्जना भएको हो। अनेरास्ववियू क्रान्तिकारीका जिल्ला अध्यक्ष दलबहादुर धामीले सत्तारूढ दलकै विद्यार्थी संगठन नेविसंघ र अनेरास्ववियूले नचाहेका कारण निर्वाचन हुन नसकेको आरोप लगाए। उनले क्रान्तिकारीले निर्वाचनका लागि सक्दो प्रयास गरेको र फेरि पनि तत्काल निर्वाचन घोषणा हुनुपर्ने बताए।

# सुदूरपश्चिमका मुख्यमन्त्री शाहलाई नागरिक उन्मुक्तिको एकसहित ३० मत

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १५ साउन**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले विश्वासको मत पाएका छन्। उनले नागरिक उन्मुक्ति पार्टीको एकसहित ३० मत पाएका हुन।

नागरिक उन्मुक्ति पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री शाहले विस्वासको मत लिएका थिए। तर, नागरिक उन्मुक्ति पार्टीकै प्रदेश सभा सदस्य कैलाश चौधरीले मुख्यमन्त्री शाहको पक्षमा मतदान गरेका हुन।

सुदूरपश्चिममा नागरिक उन्मुक्ति पार्टीका सात जना प्रदेश सभा सदस्यहरू छन्। नागरिक उन्मुक्ति पार्टीका छ जना प्रदेश सभमा उपस्थित थिएनन्। उपस्थित भएका एक प्रदेश सभा सदस्य चौधरीले विश्वासको मत दिएका हुन्। मुख्यमन्त्री शाहलाई



काङ्ग्रेसको १८ र नेकपा एमालेको ११ मत आएको छ।

शाहको पक्षमा ३० जना प्रदेश सभाका सदस्यहरूले मतदान गरेका हुन। सुदूरपश्चिममा बहुमतका लागि २७ जना प्रदेश सभाका सदस्यको मत आवश्यक हुन्छ।

## श्री गणेश सामुदायिक वन उपभोक्ता समुह
## वेदकोट न.पा.-६, मुसेपानी, कञ्चनपुर

## माछा पोखरी ठेक्का आह्वान सम्बन्धमा सुचना

प्रथम पटक प्रकाशित *मिति २०८२/४/१५ गते*

यस सामुदायिक वन उपभोक्ता समुह अन्तरगत ओझाखालीमा निर्माण गरीएका माछा पोखरी ३ वटा र निर्माणाधिन ६ वटा पोखरी गरी जम्मा पोखरी क्षेत्र ३ बिगाह जमिनलाई ठेक्कामा दिने निर्णय भएकाले आजको मितिले ७(सात) दिन भित्र अर्थात मिति २०८२/०४/२१ गते कार्यालय समय सम्म तपशिलको सर्तमा रहने गरी ठेक्का सिलबन्दी पत्र आह्वान गरीन्छ।

**तपशिल** :

१) ठेक्कामा भाग लिन इच्छुक व्यक्ति, कम्पनी वा फर्मका प्रोपराइटरले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आवश्यक कागजातहरु।
२) ठेक्का बढीमा ५ बर्षको हुनेछ र थप ५ वर्ष नविकरण गर्न सकिनेछ।
३) न्युनतम बार्षिक रु. १५००००।–(एक लाख पचास हजार)।
४) कबुल अंङ्कको १० प्रतिशत धरौटी बोलपत्रको साथ जम्मा गर्नुपर्ने।
५) माछा पोखरीमा रहेको माछा व्यवस्थापन समुहले २०८२/०७/३० गतेसम्म हस्तान्तरण गर्नेछ।
६) अन्य सर्तहरु दुवै पक्षमा सम्झौता अनुसार लागु हुनेछ।
७) ठेक्का सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहीत रहनेछ।

सम्पर्क नं. ९८१०७११९७७(अध्यक्ष), ९८४०४८५४८६(कोषाध्यक्ष)

**किशन सिंह भण्डारी**
**अध्यक्ष**

भर्ना खुल्यो ! भर्ना खुल्यो !
CTEVT बाट सम्बन्धन प्राप्त
प्राविधिक शिक्षामा सुदूरपश्चिमको सवैभन्दा पुरानो शैक्षिक संस्था
वैजनाथ ईन्जिनियरिङ्ग कलेज
भीमदत्त-४, भगतपुर, कञ्चनपुर
कार्यक्रम:
डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ्ग ( ३ वर्ष)
DIPLOMA IN CIVIL ENGINEERING
SEE/SLC उत्तीर्ण विद्यार्थीहरुले समयमै सम्पर्क गर्नुहोला
Online फारम भर्ने मिति:
२०८२।०३।२३ गते देखि २०८२।०४।२० गते सम्म
सिट संख्या: ४८ जना
ग्रेड बृद्धिको परीक्षामा सहभागी हुने विद्यार्थीले समेत फारम भर्न सक्नेछन्।
विस्तृत जानकारीका लागि :
वैजनाथ ईन्जिनियरिङ्ग कलेज
भी.न.पा.-४, भगतपुर, कञ्चनपुर
(पुरानो लिटिल बुद्ध एकेडेमीको भवनमा)
फोन नं. ०९९-५२२५२६, ९८४८७६०२४२, ९८४८७५६७२३, ९८६८७९७१२३




युवा सशक्तिकरण गरौं ।

युवा सशक्तिकरण किनः

❖नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड




मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७